# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी


छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

## कवाडी सामान उठाउने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना ।

यस गाउँपालिका भित्र आ.व. २०७९/०८० को लागि निम्न शर्तहरुको अधिनमा रही कवाडी सामान उठाउने प्रयोजनको लागि इच्छुक व्यवसायी, फर्म वा व्यक्तिले सूचना प्रकाशित भएको मितिले निम्न लिखित शर्तको अधिनमा रहि फर्म दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र, व्यवसाय नविकरण प्रतिलिपि सहित शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

<u>शर्तहरु</u>

१. शिलबन्दी दरभाउपत्रको निवेदन तोकिएको दस्तुर रु. १०००/- तिरी निर्धारित समयभित्र दर्ता गराउनु पर्नेछ ।

२. म्याद नाघेको वा रित नपुऱ्याई पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोही दिनको भोलिपल्ट पेश गर्न सकिनेछ।

३. निवेदन दर्ता दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ। १६ औ दिनको १२ बजे यस कार्यालयमा दरभाउपत्र दर्ता गर्नु पर्नेछ । सोही दिनको २:०० बजे दरभाउपत्र छत्रकोट गाँउ कार्यापालिकाको कार्यालयमा खोलिनेछ ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा छत्रकोट गाउँपालिका क्षेत्रभरको कबाडीको लागि पेश गर्नुपर्नेछ ।

५. शिलबन्दी दरभाउपत्र स्वीकृत हुने व्यक्ति वा फर्मले स्वीकृत कबोल अंकको २५ प्रतिशत रकम सम्झौता हुँदाका बखत नै भुक्तानी गर्नुपर्नेछ ।

६. कुनैपनि शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यस सम्बन्धमा थप बुझ्नु परेमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

८. यस सुचनामा उल्लेखित नभएको कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

९. कवाडी उठाउने क्षेत्र एवं न्यूनतम रकम देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | कवाडी उठाउने क्षेत्र | न्यूनतम रकम रु.(भ्याट सहित) | राजश्व रकम रु. |
|---|---|---|---|
| १ | छत्रकोट गाउँपालिका क्षेत्रभर | १,००,०००।- | १,०००।- |

२०८१।२०

........................

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत